# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०९।१६ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

महेन्द्रनगर नगर विकास समितिका अध्यक्ष सुरेन्द्रबहादुर विष्टले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी अध्यक्ष पदमा बहाल रहेको भन्ने उजुरीउपर अनुसन्धान हुँदा निजले भारतको गुरुकुल विश्वविद्यालय, बृन्दावन मथुरा उत्तरप्रदेशबाट माध्यमिक शिक्षा कक्षा १० उत्तीर्ण गरेको झुट्ठा एवं नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नगर विकास समितिको अध्यक्ष पदमा बहाल रही लाभ र सुविधा लिएको देखिएकाले निज आरोपित सुरेन्द्रबहादुर विष्टको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको पुष्टि हुन आएको हुँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला